# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❒ वर्ष : २५ ❒ अंक : २७१ ❒ सोमवार, २९ असार, २०८३ ❒ Monday, 13 July 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०


# कर्णाली राजमार्गको यात्रा सधैँ जोखिमपूर्ण, बर्सेनि करोडौँको बजेट पनि स्वाहा



❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, २८ असार

कर्णाली प्रदेशको लाइफलाइन मानिने कर्णाली राजमार्ग पछिल्लो समय यात्रुहरूका लागि डर र त्रासको पर्याय बन्दै गएको छ।

गत बिहीबार मात्रै सुर्खेतबाट कालीकोटको रास्कोटतर्फ जाँदै गरेको मिनी बस दैलेखको सांगेतडा नजिकै दुर्घटना भई कर्णाली नदीमा खस्यो। दुर्घटनामा परी हालसम्म ४ जनाको शव फेला परिसकेको छ भने भण्डै १० दिन बितिसक्दा पनि नदीमा खसेको गाडी र त्यसमा सवार यात्रुको यकिन संख्या पत्ता लाग्न सकेको छैन। गाडीका सहचालक भने अझै बेपत्ता छन्।

यो घटना कर्णाली राजमार्गमा हुने शृ‍ृंखलाबद्ध दुर्घटनाको एउटा प्रतिनिधि उदाहरण मात्र हो। गत वर्ष जेठमा मुगुबाट नेपालगन्ज जाँदै गरेको बस दैलेखको सिस्नेडाँडामा दुर्घटना हुँदा ३ जनाको मृत्यु र ३३ जना घाइते भएका थिए। इतिहास पल्टाउने हो भने २०६६ चैतमा दैलेखको किटुमा ४२ जना र २०६९ मा कालीकोटको सेराबाडामा २८ जनाले यसै सडकमा ज्यान गुमाएका थिए।

कर्णाली प्रदेश प्रहरीको तथ्यांक अनुसार कर्णाली प्रदेशमा हुने कुल सडक दुर्घटनामध्ये ५६ प्रतिशत दुर्घटना कर्णाली राजमार्गमै हुने गरेको छ। एक दशकको अवधि प्रदेशभर ४ हजार २ दुर्घटना, १ हजार ६ सय ३७ मृत्यु, १ हजार ९ सय २७ घाइते भएका छन्।

यस्तै आर्थिक वर्ष २०७१/७२ यता राजमार्गमा ९ सय १७ जनाको मृत्य भएको छ। भने पछिल्लो ३ वर्षमा राजमार्गमा १ सय ११ जनाको मृत्यु भएको छ। यस्तै ३ सय ९ घाइते भएका छन्। सडकखण्डको दैलेखको दहीखोलादेखि कालीकोटको गाल्जेबजार खण्ड सबैभन्दा जोखिमपूर्ण मानिन्छ, जहाँ ३ वर्षमा ९८ दुर्घटना र ३५ जनाको मृत्यु भएको छ। अरू मार्ग मध्यपहाडी, राप्ती, कर्णाली करिडोरको तुलनामा कर्णाली राजमार्गको दुर्घटना दर उच्च र निकै भयानक छ। यहाँ दुर्घटना हुनासाथ ठूलो मानवीय क्षति हुन्छ, जसले यात्रुमा मनोवैज्ञानिक त्रास बढाएको छ।

कर्णाली राजमार्ग सेनाले संकटकालमा हतारमा ट्र्याक खोलेकाले सुरुमै मापदण्ड पुगेन। २ सय ३२ किमीको यो सडक ६ घण्टामा पार गरिसक्नुपर्नेमा हाल यात्रुहरू २४ घण्टासम्म यात्रा गर्न बाध्य छन्। साँघुरो मोड, एक मोडबाट अर्को मोडको गाडी नदेखिनु र सडकमा ट्राफिक संकेत छैन। यस्तै पुराना गाडी, क्षमताभन्दा बढी यात्रु ओभरलोड र तीव्र गति पनि दुर्घटनाको मुख्य कारण हो। अर्को कारण भनेको सडक एक लेनको मात्र छ। विपरीत दिशाबाट गाडी आउँदा साइड दिन ब्याक गर्नुपर्ने बाध्यता छ।

## बजेट बालुवामा पानी, ठेक्का अलपत्र

आर्थिक वर्ष २०७६/७७ मा विश्व बैंकको १ अर्ब रुपैयाँ सहयोगमा ओटासिल प्रविधिको कालोपत्र गरिएको थियो। तर, हाल सडकको ८० प्रतिशत कालोपत्र उप्किइसकेको छ। पछिल्ला तीन आर्थिक वर्षमा मात्रै सडक मर्मतका लागि ६७ करोड रुपैयाँ खर्च भइसकेको छ । चालु आवमा २४ करोड, गत आवमा २१ करोड, र आव २०८०/८१ मा ३१ करोड, तर, सडक डिभिजन कार्यालय जुम्लाका अनुसार अधिकांश बजेट बर्सेनि आउने पहिरो पन्छाउन र रोक्दैमा सकिने गरेको छ। यसैबीच, काम नगर्ने ठेकेदारहरूको प्रवृत्तिले सडक थप जीर्ण बनेको छ। सडक डिभिजन कार्यालय जुम्लाले लामो समयदेखि काम रोकेर राखेका आर्थिक वर्ष २०७४/७५ देखिका कालीकोट, जुम्ला र मुगुका गरी कुल २६ वटा रुग्ण ठेक्काहरू हालै रद्द गरेको छ।

## जीर्ण 'सेफ्टी बार' र पैदलयात्रीको सास्ती

दुर्घटना न्यूनीकरण गर्न र चालकको मनोबल बढाउन विश्व बैंककै सहयोगमा झण्डै १ अर्ब खर्चेर भिरालो ठाउँहरूमा फलामे 'सेफ्टी बार' र पर्खाल लगाइएको थियो। तर, माथिबाट खस्ने ढुङ्गा र पहिरोका कारण ती बारहरू कतै भाँचिएका छन् त कतै जीर्ण छन्। अर्कोतर्फ, सिंगल लेनको सडकमा लगाइएका यस्ता सेफ्टी बारले सडक झन् साँघुरो बनाएको र पैदलयात्रीलाई हिँड्ने बाटोसमेत नहुँदा गाडीले च्याप्ने डर बढेको स्थानीयहरुको गुनासो छ।

# मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारबाट कर्णालीका तीन कृषक सम्मानित



❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, २८ असार

कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय सुर्खेतले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत प्रदान गर्दै आएको 'मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार' यस वर्ष तीन जना उत्कृष्ट कृषकलाई प्रदान गरेको छ।

पुरस्कारबाट बायोग्रिन एग्रो प्रालिका सञ्चालक समीर खत्री प्रथम, चलाउने कृषि तथा पशुपन्छी फार्मका सञ्चालक अमित चलाउने द्वितीय तथा कर्णाली ड्रागन कृषि तथा पशुपन्छी फार्मका सञ्चालक सुमन सुवेदी तृतीय घोषित भई सम्मानित भएका हुन्।

उनीहरूलाई कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोद कुमार शाहले सम्मानपत्र, खादा तथा नगद पुरस्कारसहित सम्मान गरे। पुरस्कारअन्तर्गत प्रथम हुने खत्रीलाई ३० हजार रुपैयाँ, द्वितीय हुने चलाउनेलाई २५ हजार रुपैयाँ र तृतीय हुने सुवेदीलाई २० हजार रुपैयाँ प्रदान गरिएको थियो।

सम्मान कार्यक्रममा कृषि विकास निर्देशनालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकाय, जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख गंगाराम सुनारलगायत कृषि क्षेत्रका कृषक तथा अन्य क्षेत्रका सरोकारवालारूको उपस्थिति रहेको थियो।

कार्यक्रममा मन्त्री शाहले कृषि क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने कृषकलाई सम्मान गर्ने परम्पराले व्यावसायिक कृषिप्रति आकर्षण बढाउनुका साथै अन्य कृषकलाई पनि आधुनिक र उत्पादनमुखी कृषि प्रणाली अपनाउन प्रेरणा मिल्ने विश्वास व्यक्त गरे। उनले प्रदेश सरकारले कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा आत्मनिर्भर कृषि अर्थतन्त्र निर्माणलाई उच्च प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए।

कृषि विकास निर्देशनालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकायका अनुसार 'मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार' कार्यक्रममार्फत कृषि क्षेत्रमा नवीन अभ्यास, उत्पादन वृद्धि तथा उद्यमशीलता विकासमा योगदान पुर्‍याउने कृषकलाई प्रोत्साहन गर्दै सम्मान गर्ने उद्देश्य राखिएको छ।

# निष्क्रिय बैंक खाता बन्द गर्ने प्रक्रिया अघि बढ्यो

❒ **कांक्रेविहार संवाददाता**
काठमाडौं, २८ असार

लामो समयसम्म निष्क्रिय रहेका व्यक्तिगत तथा संस्थागत बैंक खाता बन्द गर्ने प्रक्रिया अघि बढेको छ।

प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' नेतृत्वको सरकारको विशेष आर्थिक नीतिले सबै निष्क्रिय बैंक खाता बन्द गर्ने र खातामा रहेको पैसा राष्ट्रियकरण गर्ने नीति सार्वजनिक गरेको थियो। सोही योजनाबमोजिम नेपाल राष्ट्र बैंकले निष्क्रिय बैंक खाता बन्द गर्ने नीति अघि बढाएको छ।



निष्क्रिय बैंक खाता बन्द गर्ने, न्यूनीकरण गर्नेसम्बन्धमा केन्द्रीय बैंकले सबै बैंक तथा वित्तीय संस्थाहरूलाई कार्ययोजना बनाउन र आगामी आर्थिक वर्ष २०८३/८४ को पुस मसान्तसम्ममा लागू गरिसक्न भनेको छ। राष्ट्रिय बैंक ऐन, २०५८ को दफा ७९ को अधिकार प्रयोग गर्दै राष्ट्र बैंकले निर्देशनमार्फत भनेको छ, 'इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्नेसम्बन्धमा कार्ययोजना बनाई २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्नेछ।'

**के सरकारले निष्क्रिय खाताको पैसा तान्न लागेको हो ?**

सरकारको योजनाअनुसार नै केन्द्रीय बैंकले निष्क्रिय बैंक खाता बन्द गर्ने/गराउने र पैसा सरकारी कोषमा लैजाने गरी प्रक्रिया अघि बढाएको जस्तो देखिन्छ। तर, राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल सरकारको योजना र राष्ट्र बैंकको नीतिमा फरक रहेको बताउँछन्। उनले भने, 'राष्ट्र बैंकले जोखिम र व्यावहारिक पाटोलाई लिएर निष्क्रिय बैंक खाता बन्द गर्ने नीति लिएको हो। तर, सरकारले लामो समयदेखि निष्क्रिय रहेका बैंक खाताको पैसा कुनै उपयोगी क्षेत्रमा लगाउने भनेको हो।'

उनले थपे, 'हामीले त कम्तीमा तीन वर्षसम्म निष्क्रिय रहेका बैंक खातालाई नै बन्द गराउने भनेका हौँ। तर, सरकारले १० वर्षभन्दा बाँकी पृष्ठ २

# स्याउ निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य

❒ **कांक्रेविहार संवाददाता**
कालीकोट, २८ असार

कालीकोटको तिलागुफा नगरपालिकाले नगर क्षेत्रभित्र उत्पादित स्याउ जिल्ला बाहिर निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य गरेको छ।

स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण तथा निर्यात व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्तो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ।

नगर क्षेत्रमा उत्पादित स्याउको गुणस्तर र स्वच्छता कायम गर्दै बजारमा तिलागुफाको स्याउको विश्वसनीयता जोगाउन सिफारिस अनिवार्य



गरिएको हो।

जिल्ला बाहिर स्याउ निर्यात गर्ने कृषक तथा व्यवसायीले नगरपालिकाले तोकेको मापदण्डअनुसार सिफारिस लिएर मात्रै स्याउ निकासी गर्न पाउने व्यवस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद काफ्लेले बताए।

"निर्यात प्रक्रियालाई व्यवस्थित बनाउन नगरपालिकाले तीन चरणको प्रक्रिया तय गरेको छ, जसको पालना कृषक र व्यवसायीले अनिवार्य रूपमा गर्नुपर्नेछ", उनले भने, "स्याउ ढुवानी तथा निर्यात गर्नुभन्दा कम्तीमा तीन दिनअघि कृषक वा व्यवसायीले स्याउको परिमाण र निर्यात गन्तव्य स्पष्ट उल्लेख गरी नगरपालिकाको कृषि सेवा केन्द्रमा निवेदन पेस गर्नुपर्ने छ।" उनका अनुसार निवेदन दर्ता भएपछि नगरपालिकाका कृषि प्राविधिकले स्थलगत रूपमा स्याउको गुणस्तर, परिमाण तथा रोग वा किराको अवस्थाबारे अनुगमन र निरीक्षण गर्नेछन्।

"प्राविधिक टोलीले तयार पारेको प्रतिवेदनका आधारमा नियमानुसारको राजस्व बुझाएपछि मात्रै कार्यालयबाट आधिकारिक निकासी सिफारिस पत्र प्रदान गरिनेछ", काफ्लेले भने, "यस व्यवस्थाले तिलागुफाको पहिचान बनेको स्याउको बजार व्यवस्थापनलाई थप व्यवस्थित, बाँकी पृष्ठ ४

सम्पादकीय

## खर्च देखाएर उपलब्धि खोज्ने प्रवृत्ति अन्त्य गर

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ को अन्त्यसम्म आइपुग्दा कुल बजेटको करिब ६२ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । अझ चिन्ताको विषय त के छ भने विकाससँग प्रत्यक्ष सम्बन्ध राख्ने पूँजीगत बजेटको खर्च ५५ प्रतिशतमा सीमित भएको छ । हरेक वर्ष दोहोरिने यही प्रवृत्तिले प्रदेश सरकारको योजना निर्माण र कार्यान्वयन क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ । प्रदेश सरकारले बजेट सार्वजनिक गर्दा विकास, रोजगारी, पूर्वाधार विस्तार र जनजीवनमा परिवर्तनका आकर्षक प्रतिबद्धता गर्छ । तर आर्थिक वर्ष सकिन लाग्दा सडक, पुल, भवन, खानेपानी, सिँचाइ र अन्य विकास आयोजना अधुरै रहने गरेका छन् । यसको प्रत्यक्ष असर नागरिकले भोगिरहेका छन् । बजेटको ठूलो हिस्सा कागजमै सीमित हुँदा विकासको अनुभूति जनताले गर्न पाएका छैनन् ।

यस वर्ष पनि सबैभन्दा धेरै बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले ५० प्रतिशत पनि खर्च गर्न सकेन । प्रदेशको विकासको मेरुदण्ड मानिने यही मन्त्रालयको कमजोर कार्यसम्पादनले समग्र पूँजीगत खर्चलाई तल झारेको छ । सडक, पुल, भवन तथा अन्य पूर्वाधार निर्माणमा भएको ढिलाइले प्रदेशको आर्थिक गतिविधिलाई समेत प्रभावित बनाएको छ। कृषि, पर्यटन, उद्योग र सामाजिक विकासजस्ता क्षेत्रका मन्त्रालयहरू पनि अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन् । समस्या बजेटको अभाव होइन, कार्यान्वयनको कमजोरी हो । योजना छनोटमा ढिलाइ, समयमै ठेक्का प्रक्रिया सुरु नहुनु, निर्माण व्यवसायीको लापरबाही, कमजोर अनुगमन, प्रशासनिक ढिलासुस्ती र राजनीतिक हस्तक्षेपजस्ता कारणले विकास आयोजना प्रभावित हुँदै आएका छन् । आर्थिक वर्षको अन्तिम महिनामा हतार-हतार खर्च गर्ने पुरानो प्रवृत्ति अझै हट्न सकेको छैन। यसले खर्च त देखाउँछ, तर गुणस्तरीय विकास सुनिश्चित गर्दैन ।

यता स्थानीय तहमा अनुदान हस्तान्तरणको खर्च भने उच्च देखिएको छ । तर त्यो वास्तविक विकासको सूचक होइन। पैसा निकासा हुनु र प्रभावकारी रूपमा विकास हुनु फरक कुरा हुन् । खर्च प्रतिशतलाई मात्रै उपलब्धि मान्ने प्रवृत्तिबाट सरकार बाहिर निस्कन आवश्यक छ । अब प्रदेश सरकारले खर्च प्रतिशत बढाउने होइन, परिणाममुखी विकासमा ध्यान दिनुपर्छ। बजेट विनियोजनसँगै योजना तयारी, ठेक्का प्रक्रिया, कार्यान्वयन र अनुगमनलाई समयमै अघि बढाउने प्रणाली विकास गर्नुपर्छ । कार्यसम्पादन कमजोर भएका मन्त्रालय र जिम्मेवार निकायलाई जवाफदेही बनाउने संस्कार बसाल्नुपर्ने बेला आएको छ । कर्णाली विकासका नाममा वर्षौंदेखि प्रतीक्षारत छ । बजेट खर्च गर्न नसक्ने, आयोजना समयमै सम्पन्न गर्न नसक्ने र अन्तिम समयमा औपचारिक खर्च देखाएर उपलब्धि खोज्ने प्रवृत्ति अन्त्य नगरेसम्म कर्णालीको समृद्धिको सपना पूरा हुन सक्दैन । अब प्रदेश सरकारको वास्तविक परीक्षा बजेट घोषणा गर्ने होइन, बजेटलाई जनताको जीवन परिवर्तन गर्ने विकासमा रूपान्तरण गर्न सक्ने क्षमतामै हुनेछ ।

# सडकको भवितव्य, समाजको न्याय र सहानुभूतिको आहुति



✍ डा. बालकृष्ण साह

केही दिनअघि एउटा सडक दुर्घटना भयो । जसले क्षणभरमै दुईवटा सर्वथा अपरिचित परिवारको हाँसो र खुसीलाई एउटै नियतिको भुमरीमा ल्याएर पछारि दियो । कार र मोटरसाइकल एकापसमा ठोक्किए । दुर्घटनामा मोटरसाइकल चालकको अल्पआयुमै दुःखद अवसान भयो । उनकी जीवनसङ्गीनीको खुट्टाको हड्डी भाँचिएर अस्पतालको बेडमा 'इन्टरनल फिक्सेसन' (स्टिल हाल्ने शल्यक्रिया) गर्नुपर्‍यो ।

अर्कोतर्फ, कहिल्यै मदिराको थोपासम्म नचाखेका, सधैँ संयमित गतिमा सवारी चलाउने कार चालक भौतिक रूपमा त जोगिए । तर उनको भित्री संसार भत्कियो । तीव्र मानसिक आघात र कारुणिक आत्मग्लानीका कारण उनको रक्तचाप र मधुमेहको सन्तुलन पूर्ण रूपमा गुम्यो । अस्पतालको बेड र प्रहरी नियन्त्रणको दोहोरो दबाबले उनलाई पनि छटपटी र उपचारको शरणमा पुर्‍यायो ।

दुर्घटनामा 'पीडक' को 'पीडित' को ?

हाम्रो समाजको एउटा ठूलो कमजोरी के छ भने, सडक दुर्घटना हुनासाथ हामी तुरुन्तै एउटालाई 'पीडित' र अर्कोलाई 'पीडक' को ट्याग भिराइदिन्छौँ । सानो गाडिवाला पिडित अनि ठूलो गाडिवाला पिडक । तर वास्तविकता दुर्घटना नियतवश गरिएको होइन र विशुद्ध भवितव्य हो । त्यसैले दुर्घटनामा कोही पीडक हुँदैन, दुवै पक्ष पीडित नै हुनु । हो, कुनै पक्षको क्षति अपुरणीय वा ठूलो होला, जसको भर्पाई गर्न सक्दैन । तर अर्को पक्ष पनि चैनले निदाएको हुँदैन । उसको पनि परिवार, जीवन र प्रतिष्ठा हुन्छ, जुन पलभरमा सडककै धुलोमा मिसिन्छ ।

यस दुर्घटनामा पनि मोटरसाइकल चालकको निधन नै भयो, जसको कुनै भर्पाई गर्न सकिँदैन। अर्कोतर्फ कार चालक, जो आफैँ कारका धनी र घरका मुख्य खम्बा थिए । अस्पतालभित्रै प्रहरीको घेरामा परे । व्यवसाय लथालिङ्ग भयो, परिवार चिन्ताको दलदलमा डुब्यो । यति हुँदा पनि समाजले उनलाई विना अनुसन्धान एउटा क्रूर 'हत्यारा' जस्तो व्यवहार गरिरह्यो । समाजको यो 'भीडतन्त्र' र पूर्वाग्रही चस्माले गर्दा निर्दोष व्यक्तिले भोग्नुपरेको मानसिक 'ट्रमा' झन् भयानक थियो ।

'हुने हार दैव नटार ।' दुर्घटनामा कुनै पनि पक्ष खुसी हुने कुरा आउँदैन । कार चालक पक्ष मृतकको पीडामा मलहम लगाउन र आफ्नै खल्ती काटेर भएपनि राहत दिन तयार थिए । मृतकको घरमा वृद्ध बुबा, साना भतिजाहरू र एक विवाहित छोरी मात्र रहेछन् । ओछ्यानमा आमाको शल्यक्रियाको घाउ अझै आलै थियो । यो कारुणिक अवस्था देखेर चालक पक्षले मृतक पक्षका हरेक व्यक्तिको आक्रोश, गालीगलौज र कटु वचनहरूलाई 'शोकमा डुबेकाहरूको चित्कार' ठानेर अत्यन्तै शान्त र सभ्य भएर सहँदै गए ।

डेढ करोडको 'मृगतृष्णा' र सहानुभूतिको अवसान

कानुन केवल कोरा भावनाले चल्दैन । प्रहरीको रोहबरमा १३औं दिनको काजक्रिया सकिएपछि दुवै पक्ष सरसल्लाहका लागि जुटे । जब वार्ताको बीचमा मृतक पक्षबाट क्षतिपूर्तिको रूपमा डेढ करोडको अस्वाभाविक माग दाबी गरियो । तब मानवीय संवेदनाको गम्भीर अपमान भयो । एउटा भवितव्यलाई 'नियोजित हत्या' जस्तो प्रस्तुत गरेर आफ्नै परिवारजनले मृत्युलाई पैसाको तराजुमा जोख्न खोज्यो । कार चालक पक्षको धैर्यको बाँध फुट्यो, सायद स्वाभाविक नै थियो ।

लास देखाएर 'लुटको खेती' गर्न खोजेझैँ देखियो । नेपाली आर्थिक परिवेश र विद्यमान कानुनभन्दा कोसौँ टाढा पुगेर गरिएको यो डेढ करोडको बार्गेनिङ मानवीय पक्कै थिएन । पीडा र आँसुको आवरणभित्र लुकेको यस्तो चरम आर्थिक लोभ र 'मृगतृष्णा' ले मृतकको आत्माकै अपमान गर्‍यो । जुन परिवारप्रति समाजको अगाध सहानुभूति थियो । यो अस्वाभाविक बार्गेनिङ सुन्नासाथ त्यो सहानुभूति एकाएक आक्रोश र घृणामा परिणत भयो । यसले मृतकको पवित्र स्मृति र उनको परिवारप्रति रहेको साँचो सहानुभूतिको समेत 'आहुति' दियो ।

**क्रोनिक सामाजिक प्रवृत्ति**

यो घटना कुनै नौलो वा एक्लो उदाहरण भने होइन लासमाथि आर्थिक मोलमोलाइ गर्ने र सवारी धनीको आर्थिक हैसियत हेरेर करोडौँको 'व्यापार' गर्न खोज्ने यो एउटा भयानक सामाजिक प्रवृत्तिका रूपमा विकास भइसकेको छ । विगतका केही चर्चित घटनाहरूलाई हेर्ने हो भने यो तीतो यथार्थ अझ प्रस्ट हुन्छ ।

बिस. २०८० मा नारायणगढ-मुग्लिन सडकखण्डमा सिम्फनी रिसोर्टका सञ्चालक आफैँले चलाएको कार र मोटरसाइकल एकापसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भयो । दुर्घटना विशुद्ध भवितव्य जस्तो देखिए पनि जब सवारी धनी प्रतिष्ठित व्यवसायी भएको स्थानीयले चाल पाए भीड र पीडित पक्षका बिचौलियाहरू मोलमोलाइका लागि सामुन्ने आइपुगे ।

कानुनी प्रक्रियालाई लत्याउँदै १ करोड ५० लाख रुपैयाँको अस्वाभाविक माग राखेर हप्तौँसम्म शव बुझ्न मानेनन् । निर्दोष व्यवसायी चालकले हप्तौँसम्म हिरासतको मानसिक यातना भोग्नुपर्‍यो । व्यवसाय चौपट भयो र पछि दबाबमूलक आपसी सहमतिमा मात्र मुद्दा सल्टियो ।

त्यस्तै २०७९ मा पूर्व-पश्चिम राजमार्गको बिर्तामोड खण्डमा एउटा निजी कारले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भयो । कार चालक स्थानीय व्यवसायी थिए । मृतकका आफन्त र भीडले बिर्तामोडको मुख्य चोकमा टायर बालेर सडक नै ठप्प पारे । उनीहरूले तेस्रो पक्ष बीमाको प्रावधानलाई लत्याउँदै १ करोड रुपैयाँ नगद र मृतककी श्रीमतीलाई स्थायी जागिरको माग गरे । 'मेरो गल्ती थिएन, बीमाले दिने बाहेक म यति धेरै रकम दिन सक्दिनँ' भन्दा गाडी धनीलाई भौतिक आक्रमणको धम्की दिइयो र अन्त्यमा दबाब सिर्जना गरेर ठूलो रकम लेनदेन गरियो ।

दुर्घटना गराउने गाडीको चालक साधारण 'कर्मचारी' वा 'ड्राइभर' मात्र हो भने पीडित पक्ष कानुन बमोजिमको वा केही लाख रुपैयाँमा चित्त बुझाउँछन् तर सवारी धनी आफैँ चालक हो भने वा गाडी कुनै मध्यमवर्गीय वा सम्भ्रान्त व्यक्तिको हो भने बार्गेनिङको ग्राफ अस्वाभाविक रूपमा ह्वात्तै बढेको उदाहरणहरू हाम्रै समाजमा प्रशस्त छन् । यस्तो अवस्थामा न्याय खोजिँदैन, बरु गाडी धनीको खल्ती हेरेर रकम तोकिन्छ । लाग्छ, दुर्घटना न्याय पाउने माध्यम होइन, 'धनीलाई कानुनी रूपमा लुट्ने वैध हतियार' हो ।

कतै-कतै चालकको चरम लापरबाही भएको, पहिलो पटक ठक्कर लाग्दा जोगिएका घाइतेलाई 'उपचार गर्नुभन्दा मारिदियो भने क्षतिपूर्ति कम तिर्नुपर्छ' भन्ने निकृष्ट मानसिकता पनि देखिन्छ यदाकदा । यस्ता जघन्य सडक अपराधका कारण समाजको आक्रोश बढ्नु स्वाभाविक हो । तर त्यस्ता अपराधी चालकका कारण सिर्जना भएको सामाजिक आक्रोशको मूल्य यो घटनाका जस्ता निर्दोष, सभ्य र भवितव्यमा परेका कार चालकले चुकाउनुपर्ने कुन हदसम्मको न्याय हो ?

अवैज्ञानिक कानुन र अन्तर्राष्ट्रिय चेतनाको खाडल छिमेकी मुलुक भारत लगायत अन्य विकसित देशहरूमा नेपालको भन्दा कयौँ गुणा बढी गाडी गुड्छन्, सडक चौडा छन् र गति पनि तीव्र छ । तर त्यहाँ नेपालको तुलनामा 'जनसंख्या र सवारी साधनको अनुपातमा' दुर्घटना र त्यसपछिको सामाजिक अराजकता कम देखिन्छ । किनभने त्यहाँ सडक चेतना उच्च छ । त्यहाँ मोटरसाइकल चालक र पैदलयात्रीहरू आफू जोगिनका लागि अत्यन्तै सचेत रहन्छन् ।

हाम्रो देशमा सडकको छेउमा विधिसम्मत तरिकाले रोकिएर राखेको गाडीमा आएर कसैले मोटरसाइकल ठोक्कायो र मोटरसाइकल चालक घाइते वा मृत भयो भने पनि उल्टै गाडी पक्ष नै कानुनी झमेलामा फस्छ भीड जम्मा हुन्छ, गाडी जलाइन्छ र गाडी धनीलाई थुनामा राखेर करोडौँको मोलमोलाइ सुरु हुन्छ ।

कानुनले गल्ती कसको थियो भनेर हेर्दैन, बरु 'ठूलो गाडी' लाई नै दोषीको कठघरामा उभ्याउँछ । यसले हाम्रो कानुन कति अवैज्ञानिक र अव्यवहारिक छ भन्ने देखाउँछ ।

### गणेश नेपाली प्रकरण :

# सरकार, महानगर र पीडित पक्षबीच ९ बुँदे सहमति

❒ कान्क्रेविहार संवाददाता

काठमाडौं, २८ असार

त्रिपुरेश्वरमा आत्मदाहको प्रयासपछि उपचारका क्रममा निधन भएका मुगुको सोरू गाउँपालिका-१ जवलधाराका २५ वर्षीय गणेश नेपाली आत्मदाहसम्बन्धी घटनाबारे संघीय सरकार, काठमाडौं महानगरपालिका र पीडित पक्षबीच ९ बुँदे सहमति भएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलको उपस्थितिमा आइतबार भएको वार्तापछि सहमतिपत्रमा हस्ताक्षर गरिएको हो ।

सहमतिअनुसार घटनाको निष्पक्ष छानबिन, पीडित परिवारलाई राहत, मृतककी श्रीमतीलाई रोजगारी र छोरीको उच्च शिक्षाको व्यवस्था गरिने भएको छ । सहमतिअनुसार सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा यथाशीघ्र स्वतन्त्र छानबिन समिति गठन गर्नेछ । समितिले गठन भएको सात दिनभित्र प्रतिवेदन सरकारसमक्ष बुझाउने भएको छ । त्यस्तै, गणेश नेपालीलाई सहिद घोषणा गर्ने विषयमा प्रचलित कानुन, विगतको अभ्यास तथा छानबिन समितिको प्रतिवेदन र सिफारिसका आधारमा आवश्यक निर्णय प्रक्रिया अघि बढाइने सहमति भएको छ । घटनाको दिन अग्रपंक्तिमा खटिएका काठमाडौं महानगरपालिकाका महानगरीय प्रहरी बलका कर्मचारीलाई हालका लागि निलम्बन गर्न जिल्ला प्रशासन कार्यालयले महानगरलाई पत्राचार गर्नेछ । उनीहरूमाथिको थप कारबाही भने छानबिन समितिको प्रतिवेदनका आधारमा गरिनेछ । काठमाडौं महानगरपालिकाले मृतककी श्रीमतीलाई योग्यता र क्षमताका आधारमा रोजगारी उपलब्ध गराउने तथा मृतककी छोरीको उच्च शिक्षासम्मको सम्पूर्ण खर्च व्यहोर्ने व्यवस्था गर्ने सहमति भएको छ । यसका लागि सम्बन्धित सरकारी निकायले आवश्यक समन्वय गर्नेछन् । यस्तै, महानगरको आगामी कार्यपालिका बैठकबाट निर्णय गराई मृतकको आश्रित परिवारलाई राहत रकम उपलब्ध गराइनेछ । अन्तिम संस्कार र काठमाडौंमा हुने काजक्रियाको सम्पूर्ण व्यवस्थापन पनि महानगरपालिकाले गर्ने भएको छ । पीडित पक्षले शव बुझ्ने, पोस्टमार्टमसहितका कानुनी प्रक्रियामा सहयोग गर्ने तथा अन्तिम संस्कार सम्पन्न गर्ने जिम्मेवारी लिने सहमति भएको छ । यसका साथै, मृतकका एकाघरका परिवारको काठमाडौं आउजाउ, बसोबास र काजक्रियाका सम्पूर्ण खर्च काठमाडौं महानगरपालिकाले व्यहोर्नेछ भने परिवारको स्वास्थ्य बिमाको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमार्फत गरिनेछ । सहमतिपत्रमा सरकार तथा स्थानीय तहका तर्फबाट प्रमुख जिल्ला अधिकारी पौडेल र काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले हस्ताक्षर गरेका छन् ।

## निष्क्रिय...

बढी निष्क्रिय खातामा रहेको पैसा प्रयोग गर्ने भनेको हो । यही फरक छ ।'

यसअघि २० वर्षभन्दा बढी समयसम्म निष्क्रिय रहेका बैंक खाताको पैसा नेपाल राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा हुने व्यवस्था थियो तर, यसपटक सरकारको योजनाबमोजिम १० वर्षभन्दा बढी निष्क्रिय रहेका बैंक खाता बन्द गर्ने र सो पैसा सरकारी कोषमा सार्ने रणनीति बनाएको छ तथापि, हालसम्म यसको कार्यविधि भने बनिसकेको छैन । तर, जुन दिन सरकारले व्यक्तिको निष्क्रिय बैंक खाता बन्द गरेर पैसा सरकारी कोषमा सार्ने घोषणा गर्‍यो, यसले ठूलै हलचल ल्याएको छ । 'के बालेन सरकार व्यक्तिगत सम्पत्ति हुक लगाएर तान्न उद्यत छ ?,' सर्वत्र चर्चा भइरहेको छ ।

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ११२ अनुसार आर्थिक वर्षको पहिलो महिनाभित्र बैंक तथा वित्तीय संस्थाहरूले १० वर्षसम्म दाबी नआएका निक्षेप खाताको विवरण नेपाल राष्ट्र बैंकमा पेस गर्नुपर्छ । साथै, ५ वर्षमा एकपटक राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्छ ।

यदि २० वर्षसम्म पनि कुनै दाबी नआए त्यस्तो खाताको रकम नेपाल राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा हुने व्यवस्था छ । सोही व्यवस्थालाई परिमार्जन गर्दै सरकारले १० वर्षभन्दा बढी निष्क्रिय खाताको पैसा सरकारी कोषमा सार्ने जनाएको हो । राष्ट्र बैंकको नियमनमा कुनै खाता लगातार तीन वर्ष निष्क्रिय रहेमा त्यसलाई निष्क्रिय खाता भनिन्छ । हालसम्म बैंकिङ प्रणालीमा रहेका निष्क्रिय खाताहरूमा करिब १ खर्ब ८८ अर्ब रुपैयाँ जम्मा भएको छ ।

यस्तो निष्क्रिय खाताले वित्तीय अपराध, सम्पत्ति शुद्धीकरणजस्ता जोखिम बढाएको र बैंक तथा वित्तीय संस्थाहरूको खर्चसमेत बढाइरहेकाले क्रमशः बन्द गर्ने नीति लिइएको कार्यकारी निर्देशक पौडेलले बताए । यो चालु आर्थिक वर्षको मौद्रिक नीतिमा समेत बोलिएकाले कार्यान्वयनमा जान लागिएको उनले बताए । तथापि, यस्तो निष्क्रिय खाता सम्बन्धित व्यक्ति वा संस्थाले चाहेमा पुनः सञ्चालन गर्न सकिने सुविधा केन्द्रीय बैंकले व्यवस्थामै उपलब्ध गराएको छ ।

# विपन्न र टुहुरा बालबालिकाका लागि छात्रावास सञ्चालन



❐ **काँक्रेविहार संवाददाता**
सल्यान, २८ असार

जिल्लाको शारदा नगरपालिका पाँच स्थित जनकल्याण आधारभूत विद्यालय, तल्लोमार्केमा विपन्न, टुहुरा तथा भौगोलिक रूपमा विकट क्षेत्रका बालबालिकालाई लक्षित गरी निर्माण गरिएको छात्रावास भवन उद्घाटन गरिएको छ।

छात्रावास सञ्चालनसँगै नियमित रूपमा विद्यालय आउन कठिनाइ भोगिरहेका बालबालिकाले सुरक्षित आवाससहित अध्ययन गर्ने अवसर पाउने भएका छन्।

करिब १० लाख रुपियाँको लागतमा निर्माण भएको भवनमा शारदा नगरपालिकाले पाँच लाख रुपियाँ सहयोग गरेको थियो भने बाँकी रकम समुदाय, सामुदायिक वन, सहयोगी दाता र स्थानीयवासीको आर्थिक तथा श्रमदानबाट जुटाइएको विद्यालयका सहायक प्रधानाध्यापक कृष्ण वलीले जानकारी दिए।

भवन निर्माणका लागि आवश्यक काठ सामुदायिक वन र स्थानीयवासीले उपलब्ध गराएका थिए भने निर्माण सामग्री ढुवानीका लागि नगरपालिकाले ट्र्याक्टर र जेसिबीको व्यवस्था गरेको थियो।

ढुङ्गा, माटो, सिमेन्ट र जस्तापाताको प्रयोग गरी निर्माण गरिएको छात्रावास भवनको उद्घाटन शारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले गरेका थिए उनले सीमित स्रोतसाधनका बाबजुद स्थानीय समुदायको सक्रिय सहभागिताबाट निर्माण भएको यो छात्रावास सामुदायिक सहकार्यको उत्कृष्ट उदाहरण भएको बताए। हाल छात्रावासमा ४७ जना बालबालिका बस्दै आएका छन्। विद्यालयका अनुसार अभिभावक गुमाएका, आर्थिक रूपमा विपन्न तथा विद्यालय टाढा भएका कारण दैनिक आवतजावत गर्न कठिन हुने बालबालिकालाई प्राथमिकतामा राखेर छात्रावासमा बस्ने व्यवस्था गरिएको छ। छात्रावासको दैनिक सञ्चालन, बालबालिकाको हेरचाह, सुरक्षा र अनुशासनका लागि शिक्षक, कर्मचारी र भान्सेसहित पाँच जना जनशक्ति परिचालन गरिएको विद्यालयले जनाएको छ। बालबालिकाको खानपानका लागि चालु आर्थिक वर्षमा शारदा नगरपालिकाले दुई लाख ५० हजार रुपियाँ बजेट विनियोजन गरेको छ। साथै विद्यालयले पोसाक, कापी, कलम र अन्य आवश्यक शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउँदै आएको छ।

विद्यालयका अनुसार स्थानीय समुदायले जन्मदिन, विवाह, व्रतबन्ध, पूजा लगायतका अवसरमा खाद्यान्न, नगद तथा अन्य सामग्री सहयोग गर्दै आएका छन्। छात्रावासलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने उद्देश्यले विद्यालयले आठ रोपनी जग्गा लिजमा लिएर तरकारी खेतीसमेत सुरु गरेको छ।

उत्पादन भएको तरकारी छात्रावासमा उपयोग गरिने र भविष्यमा बिक्रीबाट प्राप्त आम्दानी सञ्चालन खर्चमा प्रयोग गर्ने योजना रहेको विद्यालयले जनाएको छ। छात्रावास उद्घाटन समारोहका अवसरमा लामो समय विद्यालयमा सेवा गरी सेवा निवृत्त भएका प्रधानाध्यापक डिल्लीबहादुर भण्डारीलाई सम्मानपूर्वक बिदाइ गरिएको थियो। साथै छात्रावास निर्माणका लागि जग्गा उपलब्ध गराउने कालीबहादुर बुढाथोकी, पिमकली बुढाथोकी र हुकुम बस्नेतलाई सम्मानपत्र प्रदान गरिएको विद्यालय व्यवस्थापन समितिले जनाएको छ।

# डोल्पामा अझै गोरेटोकै भर



❐ **काँक्रेविहार संवाददाता**
डोल्पा, २८ असार

प्रविधि र विकासको गति तीव्र भइरहे पनि हिमाली जिल्ला डोल्पाको उपल्लो क्षेत्रमा आधारभूत पूर्वाधारको अभाव अझै कायमै छ।

शे-फोक्सुण्डो गाउँपालिका पाँच भिजेरमा स्वास्थ्य सेवाका लागि आवश्यक भ्याक्सिन भण्डारण गर्ने फ्रिज चार जना स्थानीयले काँधमा बोकेर कठिन बाटो पार गरी पुऱ्याएपछि दुर्गम क्षेत्रको वास्तविक अवस्था फेरि उजागर भएको छ।

सदरमुकाम दुनैबाट भिजेरसम्म सडक सञ्जाल नपुगेका कारण सवारीसाधन सञ्चालन हुन सकेको छैन। जसका कारण अत्यावश्यक स्वास्थ्य सामग्रीसमेत स्थानीयको श्रम र भरियाकै माध्यमबाट ढुवानी गर्नुपर्ने बाध्यता रहेको छ।

साँघुरो गोरेटो बाटो, उकालो-ओरालो र लामो दूरी पार गर्दै स्वास्थ्य उपकरण बोकेर लैजानुपर्ने अवस्था उपल्लो डोल्पाका बासिन्दाका लागि सामान्यजस्तै बनेको छ।

शे-फोक्सुण्डो गाउँपालिकाका उपाध्यक्ष पेम्मा वाङछेन गुरुङले भिजेरसम्म फ्रिज काँधमा बोकेर पुऱ्याइएको तस्बिर सार्वजनिक गर्दै उपल्लो डोल्पाको कठिन जीवनशैलीलाई उजागर गर्नुभएको छ। उनका अनुसार सडक अभावका कारण स्वास्थ्य सामग्री, औषधि तथा उपकरण ढुवानीमा समय, श्रम र खर्च बढी लाग्ने गरेको छ। सरकारले दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने प्रतिबद्धता जनाउँदै आए पनि आवश्यक उपकरण र सामग्री स्वास्थ्य संस्थासम्म पुऱ्याउने आधारभूत व्यवस्था नहुँदा स्थानीयले समस्या भोगिरहेका छन्। सडक पहुँच नहुँदा स्वास्थ्य मात्र होइन, शिक्षा, सञ्चार र अन्य सार्वजनिक सेवासमेत प्रभावित हुँदै आएका छन्।

उपल्लो डोल्पाका केही स्थानीय तह आन्तरिक सडक सञ्जालसँग जोडिए पनि सदरमुकाम दुनैबाट भने अझै सहज सडक पहुँच विस्तार हुन सकेको छैन। विकासका ठूला योजना र पूर्वाधार निर्माणका घोषणा भइरहे पनि भिजेरमा स्वास्थ्य उपकरण काँधमा बोकेर पुऱ्याउनुपर्ने अवस्थाले दुर्गम क्षेत्रको वास्तविक विकास अवस्थामाथि प्रश्न उठाएको छ। स्थानीयवासीले सडक, स्वास्थ्य र अन्य आधारभूत पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्न सरकारसँग माग गरेका छन्। दुर्गम बस्तीमा राज्यको सेवा र सुविधा सहज रूपमा कहिले पुग्छ भन्ने प्रश्न अझै अनुत्तरित रहेको उनीहरूको भनाइ छ।

# खार्पुनाथ गाउँपालिकाको बजेट खर्च ८९ प्रतिशतभन्दा माथि

❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, २८ असार

खार्पुनाथ गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटमध्ये ८९ दशमलव २७ प्रतिशत खर्च गरेको छ।

गाउँपालिकाले चालु तथा पुँजीगत शीर्षकमा सञ्चालन गरेका योजना तथा कार्यक्रमबाट उक्त वित्तीय प्रगति हासिल गरेको जनाएको छ।

गाउँपालिका अध्यक्ष कर्णबहादुर रावलका अनुसार असार २५ गते राति १२ बजेसम्मको खर्च विवरणअनुसार कुल ४९ करोड ३० लाख ७१ हजार छ सय ६७ रुपैयाँ बजेटमध्ये ४४ करोड एक लाख ६९ हजार ९६२ रुपैयाँ खर्च भएको छ।

गाउँपालिकाले सार्वजनिक गरेको विवरण अनुसार चालु आर्थिक वर्षमा पुँजीगततर्फ १९ करोड ८० लाख १७ हजार ८२६ रुपैयाँ बजेट विनियोजन गरिएको थियो। त्यसमध्ये १६ करोड ९८ लाख ५० हजार २९५ रुपैयाँ खर्च भएको छ ।



पुँजीगत खर्चतर्फ गाउँपालिकाले ८५ दशमलव ७८ प्रतिशत प्रगति हासिल गरेको छ। त्यस्तै, चालु खर्चतर्फ विनियोजित २९ करोड ५० लाख ५३ हजार छ सय ८१ रुपैयाँमध्ये २७ करोड तीन लाख १९ हजार छ सय ६७ रुपैयाँ खर्च भएको छ।

चालुतर्फ भने गाउँपालिकाले ९१ दशमलव ६१ प्रतिशत वित्तीय प्रगति हासिल गरेको विवरणमा उल्लेख छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतले प्रमाणित गरेको विवरणअनुसार चालु वर्षमा पूर्वाधार निर्माण, सेवा प्रवाह, सामाजिक विकास तथा नियमित प्रशासनिक कामका लागि छुट्याइएको बजेटको अधिकांश हिस्सा कार्यान्वयन भएको छ।

गाउँपालिका अध्यक्ष रावलले निर्धारित समयभित्र बजेट कार्यान्वयनलाई प्राथमिकता दिइएको बताए। स्थानीय तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन निरन्तर अनुगमन र समन्वय गरिएको उनको भनाइ छ। यता, चालु आर्थिक वर्षमा कति रकम फ्रिज हुने भन्ने यकिन विवरण भने केही दिनपछि मात्र सार्वजनिक हुने भएको छ।

गाउँपालिकाका लेखा प्रमुख लोकेन्द्रबहादुर शाहीका अनुसार केही बजेट रकम स्थानान्तरणको प्रक्रियामा रहेको र केही रकम प्राविधिक कारणले मिलान गर्न बाँकी रहेकाले अन्तिम विवरण तयार हुन समय लाग्नेछ। उनका अनुसार बाँकी प्रक्रिया पूरा भएपछि खर्च हुन नसकेको रकम, फिर्ता हुने बजेट तथा वास्तविक वित्तीय अवस्थाको पूर्ण विवरण सार्वजनिक गरिनेछ।

# बँदेल आतंक बढ्दो, रातभर बारी कुर्दै किसान

❐ **काँक्रेविहार संवाददाता**
दैलेख, २८ असार

चामुण्डाबिन्द्रासैनी नगरपालिका तिन चाम्रेकोटका किसान पछिल्लो समय बँदेल आतंकका कारण समस्यामा परेका छन्। वर्षौंदेखि जंगली बँदेलले बाली नष्ट गर्दै आएपछि किसानहरू रातभर खेतबारीमै जाग्राम बस्न बाध्य भएका छन्।

मेहनत गरेर लगाएको बाली जोगाउन नसक्दा किसानको आम्दानी र भविष्य दुवै प्रभावित बनेको छ। स्थानीय किसानका अनुसार बँदेलले मकै, गहुँ, आलु तथा अन्य कृषि बालीमा ठूलो क्षति पुऱ्याउँदै आएको छ। दिनभर खेतबारीमा काम गर्ने किसान राति पनि बाली सुरक्षाका लागि खेतमै बस्नुपर्ने अवस्था छ।

खेती गरेर जीविकोपार्जन गर्ने किसानले वन्यजन्तुको क्षति सहनुपरे पनि त्यसको दीर्घकालीन समाधानका लागि प्रभावकारी पहल हुन नसकेको गुनासो गरेका छन्। गत हिउँदमा परेको असिना पानीका कारण समेत चाम्रेकोट



क्षेत्रका किसानले ठूलो क्षति व्यहोरेका थिए।

असिनाले गहुँलगायतका हिउँदे बाली नष्ट गरेपछि थप समस्यामा परेका किसान अहिले बँदेल आतंकबाट पीडित बनेका छन्। किसानहरूले कृषि क्षेत्रलाई देशको मेरुदण्ड मानिँदै आए पनि वास्तविक रूपमा किसानको उत्पादन सुरक्षामा ध्यान नदिइएको गुनासो गरेका छन्।

वन्यजन्तुबाट हुने क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था तथा बँदेल नियन्त्रणका लागि दीर्घकालीन योजना आवश्यक रहेको उनीहरूको माग छ।

स्थानीयवासीले किसानले उत्पादन गर्ने, कर तिर्ने तर क्षति हुँदा राज्यको सहयोग नपाउने अवस्था अन्त्य हुनुपर्ने बताएका छन्। उनीहरूले बाली संरक्षणका लागि स्थानीय तह, प्रदेश र संघीय सरकारले समन्वय गरी प्रभावकारी नीति ल्याउनुपर्नेमा जोड दिएका छन्। किसान तिलक तिमिल्सेनाका अनुसार तत्काल राहत, क्षतिपूर्तिको व्यवस्था तथा वन्यजन्तु नियन्त्रणका लागि ठोस कदम चाल्न सके मात्र कृषि पेशाप्रति किसानको भरोसा कायम रहनेछ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# भूकम्प पीडितका लागि १४ करोड ५० लाख विनियोजन



*जाजरकोट र रुकुमपश्चिमका भूकम्प प्रभावित सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य संस्थाको पुनर्निर्माणका लागि १४ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको जनाएको छ।*

**काँक्रेविहार संवाददाता**
जाजरकोट, २८ असार

जाजरकोट केन्द्रविन्दु भएर २०८० कार्तिक १७ गते गएको विनाशकारी भूकम्पको तीन वर्ष बितिसक्दा पनि प्रभावित परिवारको पुनर्निर्माण कार्यले अपेक्षित गति लिन सकेको छैन।

प्रारम्भिक चरणमा उद्धार, राहत र अस्थायी आवास निर्माणमा तीव्रता देखिए पनि स्थायी आवास निर्माणमा ढिलाइ हुँदा धेरै भूकम्पपीडित अझै अस्थायी टहरामै बस्न बाध्य छन्।

६.४ म्याग्निच्युडको भूकम्पमा जाजरकोट र रुकुमपश्चिममा गरी एक सय ५४ जनाको ज्यान गएको थियो भने तिन सय ७२ जना घाइते भएका थिए।

भूकम्पबाट २६ हजार पाँच सय ५७ निजी घर पूर्ण रूपमा र ३५ हजार चार सय ५५ घर आंशिक रूपमा क्षतिग्रस्त भएका थिए। हजारौं परिवारले घर गुमाएपछि अस्थायी आवासमा बस्दै आएका छन्।

वर्षा, चिसो र गर्मीका कारण उनीहरूले दैनिक जीवनमा विभिन्न समस्या झेल्दै आएका छन्। प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि जाजरकोट र रुकुमपश्चिमका भूकम्प प्रभावित सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य संस्थाको पुनर्निर्माणका लागि १४ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको जनाएको छ।

आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले तीनै तहका सरकारको समन्वयमा पुनर्निर्माणका काम अघि बढिरहेको बताएका छन्।

संघीय सरकारले पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेटमार्फत भूकम्पबाट क्षति भएका संरचनाको पुनर्निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ।

यद्यपि, प्रत्येक वर्ष नीति तथा कार्यक्रममा पुनर्निर्माणलाई प्राथमिकता दिइए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको भन्दै प्रभावितहरूले गुनासो गरेका छन्।

सरकारी कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाका धेरै भवन अझै पूर्ण रूपमा पुनर्निर्माण हुन सकेका छैनन्। यसले सेवा प्रवाहमा समेत असर परेको स्थानीयको भनाइ छ। यसैबीच कर्णाली प्रदेशसभाको प्रदेश मामिला समितिले पुनर्निर्माणलाई तीव्रता दिन सरकारलाई १० बुँदे सुझाव दिएको छ।

समितिका सभापति कल्याणी खड्काले भूकम्पपछि निर्माण गरिएका अस्थायी पुल, बाटो तथा अन्य संरचनाको भुक्तानी अझै हुन नसकेको उल्लेख गर्दै सम्बन्धित निकायलाई तत्काल आवश्यक समन्वय गर्न आग्रह गर्नुभएको छ।

समितिले आगामी आर्थिक वर्षभित्र पुनर्निर्माण सम्पन्न हुने गरी पर्याप्त बजेट व्यवस्थापन र प्रभावकारी कार्यान्वयन गर्न सरकारलाई निर्देशनसमेत दिएको छ।

भूकम्प गएको तीन वर्ष बितिसक्दा पनि स्थायी आवासको पर्खाइमा रहेका पीडितहरूले पुनर्निर्माणलाई घोषणामा सीमित नराखी व्यवहारमा उतार्न सरकारसँग माग गरेका छन्।

# जेनजी आन्दोलनबाट क्षतिग्रस्त सरकारी भवन पुनर्निर्माण हुँदै

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २८ असार

कर्णाली प्रदेश सरकारले जेनजी आन्दोलनका क्रममा क्षति पुगेका सरकारी संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि आगामी आर्थिक वर्ष २०८३/८४ मा चार करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।



चालु आर्थिक वर्षमा बजेट अभावका कारण रोकिएको पुनर्निर्माण अब ठेक्का प्रक्रियामार्फत अघि बढाइने भएको हो। आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहका अनुसार प्रदेशसभा भवन, सरकारी कार्यालय तथा अन्य सार्वजनिक संरचनाको मर्मत र पुनर्निर्माणलाई आगामी वर्ष प्राथमिकतामा राखिएको छ।

पूर्वाधार विकास निर्देशनालय सुर्खेतले लागत अनुमान तयार गरी निर्माण प्रक्रिया अघि बढाउने तयारी गरेको जनाएको छ। गत वर्ष भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा प्रदेशसभा भवनसहित विभिन्न सरकारी कार्यालयमा आगजनी र तोडफोड हुँदा ठूलो क्षति पुगेको थियो। आन्दोलनका कारण मुख्यमन्त्री निवास, सुरक्षाकर्मीको आवास, कृषि मन्त्रीको सरकारी निवास, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय लगायतका भवनमा पनि क्षति पुगेको थियो।

निर्देशनालयका अनुसार यी चार वटा भवनको मर्मत तथा पुनर्निर्माणका लागि करिब एक करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको छ। निर्देशनालयका निमित्त निर्देशक सूर्यबहादुर शाहीका अनुसार प्रदेशसभाको नियमित काम प्रभावित नहोस् भनेर बैठक सञ्चालनका लागि आवश्यक सभाहल निर्माण गरिसकिएको छ।

बाँकी संरचनाको पुनर्निर्माण आगामी आर्थिक वर्षमा बजेट कार्यान्वयनसँगै सुरु गरिनेछ। जिल्ला प्रशासन कार्यालय सुर्खेतका अनुसार आन्दोलनका क्रममा जिल्लाभर सरकारी सम्पत्तिमा २१ करोड १० लाख ५६ हजार रुपैयाँभन्दा बढीको क्षति पुगेको थियो।

सबैभन्दा बढी क्षति वीरेन्द्रनगर नगरपालिकामा भएको थियो, जहाँ नगरपालिका, वडा कार्यालय र सिटी हलमा आगजनी तथा तोडफोड गरिएको थियो। नापी कार्यालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय, सामाजिक विकास मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, सडक डिभिजन कार्यालय र अन्य सरकारी निकायका भवन तथा सामग्रीमा पनि क्षति पुगेको थियो।

प्रदेश सरकारका अनुसार आन्दोलनबाट कर्णाली प्रदेश सरकारलाई मात्रै सात करोड ८१ लाख रुपैयाँभन्दा बढीको प्रत्यक्ष आर्थिक क्षति पुगेको थियो। तीमध्ये सबैभन्दा ठूलो क्षति प्रदेशसभा भवनमा भएको उल्लेख गरिएको छ।

लामो समयसम्म पुनर्निर्माण हुन नसक्दा सरकारी सेवा प्रवाहसमेत प्रभावित भएको थियो। अब बजेट सुनिश्चित भएसँगै क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणलाई तीव्रता दिइने प्रदेश सरकारले जनाएको छ।

# जीप दुर्घटनाका घाइतेको उद्धार

**काँक्रेविहार संवाददाता**
बझाङ, २८ असार

बझाङको सुगुरे इलाकामा शनिबार भएको जीप दुर्घटनामा गम्भीर घाइते भएका पाँच जनालाई नेपाली सेनाले आज हेलिकप्टरबाट उद्धार गरी थप उपचारका लागि नेपालगञ्ज मेडिकल कलेज ल्याइएको छ। हवाई उद्धार गरिएका पाँच जनामा तीन महिला र दुई पुरुष रहेका नेपाली सेनाद्वारा जारी गरिएको विज्ञप्तिमा जनाइएको छ।

सेनाले दिएको जानकारीअनुसार स्वास्थ्य अवस्था थप जटिल रहेका दुई पुरुषलाई नेपाली सेनाले हवाई उद्धार गरेर सुर्खेत ल्याइ स्काइ ट्रकमार्फत काठमाडौँ ल्याइएको छ। साथै सोही क्रममा अर्को एकजना बिरामी बालिकालाई पनि सुर्खेत प्रादेशिक अस्पताल पुऱ्याइएको छ। बझाङ, केदारस्यूँ गाउँपालिका–७ सुगुरेमा शनिबार भएको जीप दुर्घटनामा परी तीन जनाको ज्यान गएको थियो भने सात घाइते भएका थिए।

## स्याउ...

गुणस्तरीय र व्यावसायिक बनाउन सहयोग पुग्नेछ।" तिलागुफा नगरपालिका कालीकोटको प्रमुख स्याउ उत्पादन क्षेत्र भएकाले यहाँ उत्पादित स्याउको गुणस्तर कायम राख्न नयाँ व्यवस्था लागू गरिएको कृषि विकास अधिकृत गोविन्द भट्टले बताए।

"नगरपालिकाबाट वार्षिक १० हजार क्विन्टलभन्दा बढी स्याउ निर्यात हुँदै आएको छ", उनले भने, "जथाभावी निर्यात हुँदा बजारमा तिलागुफाको स्याउको गुणस्तर र छविमा असर पर्नसक्ने भएकाले गुणस्तर कायम राख्न अनिवार्य सिफारिसको व्यवस्था गरिएको हो।"




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)